गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
पोखरा, नेपाल

प.सं.- ०८०/८१

फोन नं.०६१-४५०५११
ईमेल: vsdtc12@gmail.com

# सीप विकास तालिम सञ्चालनको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति-२०८०/१०/०९)**

यस केन्द्रबाट चालु आ.व. ०८०/८१ को दोस्रो चौमासिकमा सञ्चालन गरिने देहाय अनुसारको सीप विकास तालिमहरु नि:शुल्क रुपमा यस केन्द्रद्वारा सञ्चालन गरिने हुँदा तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (२०८०/१०/२४) भित्र रित पूर्वकको आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पोखरामा संचालन गरिने नि:शुल्क तालिमहरु :

| क्र सं | तालिमको नाम | आवश्यक संख्या | तालिमको अवधि | आवेदकको उमेर | शैक्षिक योग्यता | फाराम पाईने एवम् संचालन हुने स्थान | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|---|---|---|
| १. | कुक तालिम | २० | (३९० कार्य घण्टा) | १८-४० | एस.ई.ई. उत्तिर्ण | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पोखरा र केन्द्रले तोकेको स्थान | २०८०।१०।२८ गते विहान ८.०० बजे |
| २. | मोटरसाइकल मर्मत | | | | कक्षा ८ उत्तिर्ण | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पोखरा र केन्द्रले तोकेको स्थान | २०८०।१०।२९ गते विहान ८.०० बजे |

२. स्थानिय निकायमा संचालन हुने तालिमहरु :

| क्र.सं | तालिमको विषय | आवश्यक संख्या | तालिमको अवधि | आवेदकको उमेर | शैक्षिक योग्यता | फाराम पाईने एवम् संचालन हुने स्थान | अन्तर्वार्ता मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | कपाल काट्ने सैलुन तालिम | २० | (३९० कार्य घण्टा) | १८-४० | कक्षा ८ उत्तिर्ण | मध्यबिन्दु न.पा., वडा नं. २, नवलपुर आशा बोटे - ९८०७४२१९४१ | २०८०।११।२ गते विहान १०.३० |
| २. | आधारभूत कटाई सिलाई | २० | (३९० कार्य घण्टा) | " | कक्षा ८ उत्तिर्ण | आरुघाट गाउँपालिका, गोरखा विवेक खनाल -९८५६०१०१६४ | २०८०।११।३ गते विहान १०.३० बजे |
| ३. | प्लम्बिङ्ग | २० | (३९० कार्य घण्टा) | " | कक्षा ८ उत्तिर्ण | आबुखैरेनी गा.पा.,तनहूँ निरज श्रेष्ठ - ९८४०८५५६८८ | २०८०।११।४ गते विहान १०.३० बजे |
| ४. | एडभान्स कटाइ सिलाइ | २० | (३९० कार्य घण्टा) | " | कक्षा ८ उर्त्तिण | गल्याङ न.पा. वडा नं ६, स्याङजा सबिना सारु - ९८६६५७२९८७ | २०८०।११।५ गते विहान १०.३० |

१. प्रशिक्षार्थी आवेदन फारम भर्न नेपाली नागरिकताको प्रतिलिपि १ प्रति, फोटो १ प्रति र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि मिति २०८०/१०/२४ गते भित्र यस केन्द्रमा आवेदन फाराम पेश गर्नुपर्नेछ साथै कास्की जिल्ला सदरमुकाम बाहिर संचालन हुने तालिमहरुको लागि सम्बन्धित पालिका/वडामा उल्लेखित कागजात सहित आवेदन फारम पेश गर्नुपर्नेछ ।

२. दलित, अपाङ्ग, शहिद परिवार, विपन्न, द्वन्द्व पिडित, बैदेशिक रोजगारबाट फर्किएका र एकल महिलालाई बिशेष प्राथमिकता दिइनेछ ।

३. तालिम लिन ईच्छुक उम्मेद्वारको उमेर १८-४० वर्षको हुनुपर्ने तथा प्रशिक्षार्थी छनौट अन्तर्वार्ताद्वारा गरिनेछ ।

४. तालिम संचालनका लागि आवश्यक तालिम सामाग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक कार्यालयबाट उपलब्ध गराईने छ।

५. उपरोक्त तालिमहरुमा तोकिएका आवेदकहरुको संख्या नपुगेमा तालिम संचालन गर्ने नगर्ने अधिकार केन्द्रमा निहित हुनेछ ।

६. एड्भान्स कटाइ सिलाइ तालिम लिन आधारभूत कटाइ सिलाइ तालिम लिएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

नोट : फाराम यस केन्द्रको **website :** https://vsdtc.gandaki.gov.np/ मा जुनसुकै स्थानबाट पनि भर्न सकिनेछ ।

केन्द्र प्रमुख